# सप्तरी जिल्ला अदालत

राजविराज

[प्रशासन शाखा]

☎ ०३१-५२१५९९
टोल फ्री नं. १६६०३१५२००५
Email: info.dcsaptari@supremecourt.gov.np

सूचना ! सूचना !! सूचना !!!

मिति २०७७/४/१८/१

उपरोक्त सम्बन्धमा हाल फैलिरहेको कोभिड-१९ को महामारीका कारणले स्थानीय राजविराज नगरपालिकाबाट राजविराज नगर क्षेत्रभित्र अनिश्चितकालीन बन्दा बन्दी (लकडाउन) गरी सूचना जारी गरिएकोमा यस नगरपालिका तथा सप्तरी जिल्लाभित्र संक्रमितको संख्यासमेत अधिकरुपमा बढिरहेको र जिल्ला प्रशासन कार्यालय, सप्तरीबाट जारी निषेधाज्ञासमेत कायम रहेको सन्दर्भमा आवश्यक सहमतीका लागि उच्च अदालत जनकपुर, राजविराज इजलासका मुख्य भई काम गर्ने माननीय न्यायाधीशसमक्ष अनुरोध गरिएकोमा यस अदालतबाट मिति २०७७ साल साउन मसान्तसम्म देहायबमोजिमका काम कारवाही सुचारु गर्नु (प्रदान गर्नु) गराउनु भनी मिति २०७७।४।१८ मा सहमती प्राप्त हुन आएको हुँदा सोही बमोजिम गरिने व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७७।४।१८।१

(कुमार मास्के)
स्रेस्तेदार (उप-सचिव)

तपसिल

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसारका निवेदन र सो उपर हुने कारवाही,
- बाल सुधार गृहमा रहेका बालबालिका जिम्मा लिने सम्बन्धी निवेदन र सो उपर हुने कारवाही,
- पक्राउ पूर्जीको अनुमति,
- जरुरी पक्राउ पूर्जीको समर्थन,
- म्याद थप गर्ने, अभियोग पत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको वयान लिने र थुनछेक आदेश सम्बन्धी कार्य र
- महामारीसँग सम्बन्धित गम्भीर प्रकृतिका निवेदनहरुको कारवाही र सुनुवाइ सम्बन्धी कार्य ।